ठाकुरबाबा नगरपालिका

स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३१ कार्यपालिकाबाट पारित मितिः २०८०।१२।०२

प्रमाणिकरणः२०८०।१२।०५

प्रकाशन मितिः २०८०।१२।०६

भाग-२

ठाकुरबाबा नगरपालिका

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

प्रस्तावनाः ठाकुरबाबा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने समुदायको जीविकोपार्जन सुधारको लागि समुदायका सदस्यहरूकै सक्रियतामा बचत सङ्कलन र परिचालन गरी गाउँघरमै आयमूलक कार्यक्रम, साना उद्यम तथा हरित उद्यम व्यवसाय सञ्चालन गर्न संकलन भएको रकम सदुपयोग गरी कोष वृद्धि गर्न र बीउ पूँजीको रूपमा प्राप्त अनुदान तथा सहयोगको संरक्षण, व्यवस्थापन र परिचालन मार्फत सहभागी सदस्यहरूको आर्थिक, सामाजिक तथा शैक्षिक क्षमता र दक्षता अभिवृद्धि गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि जीविकोपार्जन सुधारका लागि घुम्ती कोष स्थापना र परिचालन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिकाको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०"** हुनेछ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

२. उद्देश्यहरू:

(१) यस घुम्तीकोष स्थापनाका उदेश्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) समुदायमा रहेका वन्यजन्तुबाट प्रभावित परिवारका सदस्यहरूलाई प्राथमिकता दिई जीविकोपार्जन र आयआर्जन गर्नको लागि समूह गठन गरी सहभागितामूलक बचत सङ्कलन गर्ने ।

(ख) संकलित बचतको परिचालन गरेर आयमुलक कार्यक्रम र लघु तथा हरित उद्यम सञ्चालनका लागि सहुलियत ब्याज दरमा ऋण प्रवाह गरेर आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने अवस्था सिर्जना गर्ने ।

(ग) समुदायको आयआर्जनका लागि लगानीको सुनिश्तिता गर्न घुम्तीकोष स्थापना गर्न सहयोग गर्ने ।

(घ) स्थानीयस्तरमा स्वरोजगार स्थापना गर्ने ।

३. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "घुम्तीकोष " भन्नाले यस कार्यविधि अनुसार समुदायमा स्थापना भएको वित्तीय कोषलाई सम्झनु पर्दछ ।

(ख) "घुम्तीकोष अनुदान" भन्नाले बुँदा (क) बमोजिम स्थापित घुम्तीकोष स्थापनाको लागि नेपाल सरकार/प्रदेश सरकार /नगरपालिका/गैर सरकारी संघसंस्था वा अन्य निकाय वा व्यक्तिबाट पाउने नगद अनुदानलाई सम्झनु पर्दछ ।

(ग) "घुम्तीकोष सञ्चालक" भन्नाले घुम्तीकोष सञ्चालन गर्ने वैधानिक समूहलाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(च) " प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई पर्दछ ।

(ञ) "वडा" भन्नाले ठाकुरबाबा नगरपालिका अन्तर्गतका वडा कार्यसमितिको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) "विधान" भन्नाले अनुसुची-३ बमोजिम तयार पारिएको घुम्ती कोष सञ्चालकको प्रमाणित मूल कानून वा बिनियमलाई सम्झनु पर्दछ ।

परिच्छेद- २
घुम्तीकोष सञ्चालन

४. घुम्तीकोष सञ्चालक समूहको व्यवस्थाः

(क) घुम्तीकोष सञ्चालन गर्नका समुह दर्ताका लागि ठाकुरबाबा नगरपालिकाभित्र कुनै गाउँ टोलमा समूह गठन गरी नगरपालिकाको आर्थिक विकास शाखामा अनुसूची -१ बमोजिम निवेदन सहित प्रमाणित विधान पेश गर्नुपर्नेछ ।

(ख) पेश हुन आएको निवेदन उपर छानविन गरी नगरपालिकाले अनुसूची -२ बमोजिमको दर्ता प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ।

(ग) समूह दर्ता गर्न अनुसूची-३ बमोजिमको ढाँचामा समूहको विधान सहित सञ्चालक समिति गठन गर्नुपर्नेछ ।

(घ) सञ्चालक समितिको मुख्य पद अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा १ जना महिला र जम्मा सदस्यको ३३ प्रतिशत महिला सदस्य सहित कुल ११ जना सदस्य भएको समिति गठन गर्नुपर्नेछ ।

(ङ) घुम्तीकोष स्थापना गर्दा न्यूनतम रू.१,००,०००।- (अक्षरेपी एक लाख) बाट शुरूवात गर्नुपर्नेछ ।

(च) समुदायका सदस्यहरूवाट मासिक बचतमा उठेको रकम र अन्य विभिन्न निकायहरूबाट प्राप्त अनुदान रकम समेत सोही खातामा जम्मा गर्नुपर्नेछ ।

(छ) कोष परिचालनको क्रममा प्राप्त व्याज रकम वा अन्य थप रकम जम्मा गरेर कोषलाई वृद्धि गर्दै लैजानुपर्दछ ।

(ज) कोषको सञ्चालन व्यवस्थापन घुम्तीकोष सञ्चालक समूह स्वयंले गर्नुपर्नेछ ।

(झ) घुम्तीकोषको सञ्चालन बैंकिङ्ग कारोवारमार्फत गर्नुपर्नेछ ।

(ञ) समूहले कोषको हिसाब किताबमा पारदर्शिता ल्याउन बैंक खाता तथा ऋण लिने व्यक्तिहरूको खाता तयार गर्नुपर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

(ट) कोषको हिसाब किताबको विवरण प्रत्येक महिना तयार गर्नुपर्नेछ ।

(ठ) वार्षिक रूपमा लेखापरीक्षण दर्तावाल लेखापरीक्षकवाट गर्नुपर्नेछ ।

(ड) बढीभन्दा बढी समुदायका मानिसहरूलाई फाईदा पुग्ने गरी कोषको परिचालन गर्नुपर्नेछ ।

५. घुम्ती कोषको लगानीको क्षेत्रः

(१) दफा ४ अनुसार स्थापना गरिएको घुम्तीकोष देहाय बमोजिममा क्षेत्रमा लगानी तथा परिचालन गर्नुपर्नेछः-

(क) सहभागितात्मक प्राथमिकता स्तरीकरण गरेर वन्यजन्तुबाट प्रभावित समुदायलाई प्राथमिकतामा राखी सहुलियत ऋण उपलब्ध गराउनु पर्नेछ।

(ख) घुम्तीकोषबाट सहुलियत ऋण लिएका व्यक्तिले निम्न पेशा व्यवसायमा लगानी गर्न सक्नेछन्:-

(अ) साना उद्यम तथा हरित उद्यम व्यवसाय सञ्चालन,

(आ) तरकारी, फलफुलमा आधारित आयआर्जनमूलक कार्यक्रम सञ्चालन,

(इ) कृषि तथा पशुपालन व्यवसाय,

(ई) हरित उद्यममा आधारित कोशेली घर सञ्चालन,

(उ) अन्य आयआर्जन दिने खालका विविध योजना ।

६. घुम्तीकोष अनुदानः

(१) घुम्तीकोष सञ्चालकले आफ्नो घुम्तीकोष स्थापना र बृद्धि गर्नको लागि संघीय सरकार, प्रदेश सरकार, नगरपालिका, वडा कार्यालय, अन्य निकाय वा गैर सरकारी संघ संस्थाबाट अनुदान लिन सक्नेछ ।

(क) यसरी अनुदान प्राप्त रकम कोषमा जम्मा गर्नुपर्नेछ ।

(ख) कोषमा जम्मा भएको रकम निर्णय गरेर मात्र खर्च गर्नुपर्नेछ ।

७. घुम्तीकोष परिचालनका नियमहरूः

(क) घुम्तीकोष परिचालन गर्दा घुम्तीकोष सञ्चालकले घुम्तीकोषबाट परिचालन हुने ऋणको सीमा, ब्याजदर, किस्ता भुक्तानी, लगानी, असुलउपर आदि कुरा समेटी आवश्यक नियम बनाई दुईतिहाई सदस्यबाट अनुमोदन गराएर मात्र परिचालन गर्नु पर्नेछ ।

(ख) घुम्तीकोषको परिचालन दफा ५ बमोजिमको क्षेत्रमा सदस्यको माग, आवश्यक्ता, क्षमता, काम गर्ने ठाउँको अवस्थिति आदिलाई आधार मानेर गर्नुपर्नेछ ।

(ग) घुम्तीकोषवाट ऋण प्रवाह गर्दा पहिलो चरणमा वन्यजन्तुबाट पीडित परिवारका सदस्यहरूलाई प्राथमिकता दिनुपर्नेछ । त्यसपछि विपन्नलाई पालैपालो प्राथमिकता क्रममा राख्नुपर्नेछ ।

(घ) लगानी भएको कोषको रकम कामको प्रकृति हेरेर त्रैमासिक किस्ता फिर्ता गर्नुपर्नेछ । ऋण परिचालनको क्रममा किस्ता भुक्तानी प्रक्रिया र रकम तय गर्नुपर्नेछ ।

(ङ) घुम्तीकोषको रकम परिचालन घुम्तीकोष सञ्चालकको सामुहिक जिम्मेवारीमा गर्नुपर्नेछ ।

(च) घुम्तीकोष परिचालनका लागि घुम्तीकोष सञ्चालक अन्तर्गत बिषयगत समिति गठन गर्न सकिनेछ ।जस्तैः बाख्रा पाल्ने सदस्यहरूको विषयगत समिति, सिलाईकटाई सिक्ने सदस्यहरूको बिषयगत समिति आदि ।

(छ) घुम्तीकोष सञ्चालक वा सम्बन्धित सदस्यले घुम्तीकोष दुरूपयोग, हिनामिना, कुनै लापरवाही वा अन्य नियम बिपरित कार्य गर्न पाउने छैन ।

(ज) कोषको रकम दुरूपयोग, हिनामिना, लापरबाही भएको पाईएमा हिनामिना बिगो र सोही बराबरको जरिवाना समेत गरी नगरपालिकाले असुल उपर गर्नेछ।

८. घुम्तीकोषको परिचालन विधिः

(क) घुम्तीकोषवाट सहुलियत ब्याज दरमा सहयोग लिनका लागि कुनैपनि सदस्यले आफुले गर्न चाहेको काम/व्यवसाय र आवश्यक रकम स्पष्ट लेखी समूहमा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा त्यो काम कसरी सञ्चालन गरिन्छ र कति समयमा के कति फाईदा हुन्छ, उल्लेख गर्नुपर्नेछ ।

(ग) घुम्तीकोष सञ्चालकले सदस्यहरू वाट प्राप्त निवेदनमा आवश्यक छलफल पछि व्यावसायिक योजना तयार गर्नुपर्नेछ ।

(घ) सोही व्यवसायिक योजना अनुसार सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने निर्णय गर्नुपर्नेछ ।

(ङ) मागको आधारमा उक्त सदस्यले काम गर्न सक्ने, नसक्ने ठहर घुम्तीकोष सञ्चालनको बैठकले गर्नुपर्नेछ ।

(च) साथै वैठकले सदस्यको कार्यशैली, क्षमता र घुम्तीकोष परिचालन नियमका आधारमा सहुलियत ऋण उपलब्ध गराउने वा नगराउने निर्णय गर्न सक्नेछ ।

(छ) घुम्तीकोषबाट सहुलियत ऋण परिचालन गर्ने निश्चित भएर सबै प्रक्रिया पुरा गरेपछि कबुलियत नामा तयार पारी कम्तीमा २ जना सदस्यहरूलाई साक्षी राखी घुम्तीकोष सञ्चालक र ऋण लिने व्यक्तिबीच सही छाप गराई सम्झौता गरी रकम उपलब्ध गराउनु पर्नेछ ।

(ज) घुम्तीकोष परिचालनको रकम भुक्तानी बैंकबाट मात्र गर्नुपर्नेछ ।

९. **चक्रिय ऋण लगानी विधिः**

(क) घुम्तीकोषको रकम लिएको सदस्यहरूले सम्झौता वा कबुलियतनामा अनुसार भुक्तानी गर्नुपर्नेछ । यसरी रकम प्राप्त भएपछि घुम्तीकोष सञ्चालकले रकम असुली भरपाई दिनुपर्नेछ ।

(ख) घुम्तीकोष सञ्चालकका सदस्यहरूमा एकपछि अर्को गर्दै आवश्यक भएका सम्पूर्ण सदस्यहरूमा लगानी गरी सकेपछि मात्र पुनः दोहोर्याएर लगानी गर्नुपर्नेछ । कुनै सदस्य ऋण लिनु ईच्छुक नभएमा निजबाट सो सम्बन्धी निवेदन लिई प्राथमिकताको आधारमा चक्रिय प्रणाली अनुसार अन्य सदस्यमा लगानी गर्नुपर्नेछ ।

(ग) सदस्यहरूवाट प्राप्त भएको रकम ७ दिनभित्र बैंक दाखिला गर्नुपर्नेछ । वैंकवाट ६/६ महिनामा कारोवार विवरण लिएर आफ्नो बैंक खातासँग अद्यावधिक गर्नुपर्नेछ ।

(घ) सञ्चालकले बार्षिक रूपमा आर्थिक विवरण तयार पार्नुपर्नेछ ।

(ङ) घुम्तीकोषबाट ऋण परिचालन गरी भएका काम र खर्चको वार्षिक रूपमा सार्वजनिक सामुदायिक लेखा परीक्षण गराउनु पर्नेछ ।

परिच्छेद- ३
विवाद समाधान

१०. **विवादको समाधानः**

(१) यस कार्यविधि अन्तर्गत स्थापना गरिएको घुम्तीकोष स्थापना, परिचालन, ब्यवस्थापन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी वार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम स्थानीय न्यायीक समितिमा निवेदन दिनुपर्नेछ ।

परिच्छेद- ४
अनुगमन तथा अन्य व्यवस्था

११. **अनुगमन व्यवस्थाः** घुम्तीकोष स्थापना, परिचालन ब्यवस्थापनको अनुगमनको व्यवस्था देहाय वमोजिम हुनेछः-

(क) घुम्तीकोष सञ्चालनको अवस्थाको बारेमा नगरपालिकाका पदाधिकारी, वडा समिति, आर्थिक विकास शाखाबाट नियमित अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

(ख) घुम्तीकोष सञ्चालन गर्न सहयोग गर्ने संस्थाले समेत सुपरीवेक्षण तथा अनुगमन गर्न सक्नेछ ।

(ग) घुम्तीकोषबाट सहुलियत ऋण प्रदान गरिएका व्यक्ति र निजहरूले सञ्चालन गरेका उद्यमको बारेमा घुम्ती कोष सञ्चालकले प्रत्येक तीन महिनामा आर्थिक विकास शाखामा प्रगति प्रतिवेदन उपलब्ध गराउनुपर्नेछ ।

(घ) अनुगमनको क्रममा अनुदान प्राप्त घुम्तीकोषको रकम प्रभावकारी रूपमा सदुपयोग नभएको पाईएमा नगरपालिकाले घुम्तीकोष सञ्चालकलाई उपलब्ध गराएको रकम वैंक रोक्का गर्न सक्नेछ ।

१२. **बाधा अड्काउ फुकाउनेः**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै वाधा अड्चन उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१३. **कार्यविधिको परिमार्जनः**

अनुगमन तथा मुल्याङ्कन र अनुभवको आधारमा नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार पुनरावलोकन, संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

१४. **अन्तिम व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा दुविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको ब्याख्या अन्तिम हुनेछ।

१५. **बचाउ तथा खारेजीः** नगर कार्यपालिकाले यो कार्यविधि खारेजी वा अन्य मनासिव कुरा बचाउ समेत गर्न सक्नेछ ।

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

अनुसूची-१

कार्यविधिको दफा ४ उपदफा (क) सँग सम्बन्धित

समुह दर्ता गर्न नगरपालिकामा पेश गर्ने निवेदनको ढाँचा

मितिः २०.....।.....।......

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
ठाकुरबाबा नगरपालिका
सैनवार बर्दिया

विषयः समुह दर्ता गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा हामीले “.................. समुह” नामक समुह **"ठाकुरबाबा नगरपालिकाको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८०"** बमोजिम दर्ता गर्न चोहेकोले प्रस्तावित विधानको २ (दुई) प्रति, पदाधिकारीहरूको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति समेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौं । समुह दर्ता गरी पाऊँ ।

विवरण

१. समुहको नामः “............... समुह ”

२. समूहको ठेगानाः ठाकुरबाबा नगरपालिका वडा नं......... (गाउँ/टोल) बर्दिया ।

३. संस्थाको आर्थिक श्रोतः सहयोग स्वरूप प्राप्त रकम, साधारण सदस्यबाट उठेको रकम आदि ।

४. समुहका पदाधिकारीको विवरणः

क्र.स.	नाम, थर	संस्थाको पद	स्थायी ठेगाना	पेशा	कैफियत
१		अध्यक्ष			
२		उपाध्यक्ष			
३		सचिव			
४		कोषाध्यक्ष			
५		सदस्य			
६		सदस्य			
७		सदस्य			
८		सदस्य			
९		सदस्य			
१०		सदस्य			
११		सदस्य			

निवेदक

....

अध्यक्ष

मितिः- २०......।......।........

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८०

अनुसूची-२
कार्यविधिको दफा ४ उपदफा (ख) सँग सम्बन्धित
समुहलाई दिने दर्ता प्रमाणपत्रको नमुना

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया

समुह दर्ता प्रमाण-पत्र

"ठाकुरबाबा नगरपालिकाको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८०" को दफा ४ उपदफा (ख) बमोजिम ठाकुरबाबा नगरपालिका वडा नं. .... स्थित .... मा गठन भएको .... समूहलाई यस कार्यालयमा मिति .... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस समूहको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

....
समुह दर्ता गर्ने अधिकारी
नामः ....
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

अनुसूची-३
कार्यविधिको दफा ४ उपदफा (ग) सँग सम्बन्धित
समुह दर्ताका लागि समुहले बनाउने विधानको नमुना

.... समुदायको जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन समूहको विधान, २०....

बर्दिया जिल्ला ठाकुरबाबा नगरनगरपालिका क्षेत्रमा बसोवास गर्ने समुदायको आयआर्जन एवं जीविकोपार्जनकोलागि सानो व्यवसाय र हरित उद्यम सञ्चालन गर्न सरल, सुलभ प्रक्रिया र न्यून ब्याज दरमा ऋण उपलब्ध गराउनको लागि "ठाकुरबाबा नगरनगरपालिकाको जीविकोपार्जन सुधारका लागि घुम्ती कोष परिचालन कार्यविधि, २०८० को दफा ४ (ग) मा भएको व्यवस्था बमोजिम यो बिधान तयार गरिएको छ ।

परिच्छेद-१
प्रारम्भिक

२. **संक्षिप्त नाम र प्रारम्भः(१)** यो बिधानको नाम " **......... समुदायको जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन समूह ......(गाउँ/टोल) को बिधान २०८०"** हुनेछ ।

(२) यो बिधान ठाकुरबाबा नगर कार्यनगरपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२ .कार्यालय र छापः)

१ समूहको कार्यालय बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं .... गाउँमा रहनेछ।

२ समूहको आफ्नै आधिकारिक छाप हुनेछ । चारपाटे घेरा भित्र सबै भन्दा माथी " जीविकोपार्ज सुधार घुम्तीकोष "त्यसको तलपट्टि ठेगाना" ठाकुरबाबा न.पा. वडा नं.**.....(गाउँ/टोल)** "र सबैभन्दा तल स्थापना बर्ष२० .... तथा बिचमा पहिचान सहितको सुहाउदो सिम्बोल सहितको चित्र उल्लेख भएको हुनेछ ।

३. परिभाषाः

(क) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरनगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "समूह" भन्नाले विभिन्न किसिमले प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन समूह (गाउँ/टोल) लाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले ठाकुरबाबा नगरपालिकाको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(घ) "सञ्चालक समिति" भन्नाले समूहको कार्यसमिति भन्ने सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले समूहको नाममा रहेको जीविकोपार्जन सुधार घुम्तीकोष भन्ने सम्झनु पर्दछ ।

(च) "व्यावसायिक योजना" भनाले घुम्तीकोषबाट जीविकोपार्जनको लागि न्यूनतम व्याजदरमा ऋण लिएर सञ्चालन गर्न सकिने समुदायबाट पहिचान भएका क्रियाकलापको योजना भन्ने सम्झनु पर्दछ ।

(छ) "हरित उद्यम" भन्नाले वन तथा कृषि क्षेत्रसँग सम्बन्धित सबै प्रकारको पेशा, व्यावसाय सम्झनु पर्दछ ।

(ज) "सहयोगि सस्था" भन्नाले समूहको घुम्तीकोष सञ्चालनको लागि रकम उपलब्ध गराउने, समूहको स्वीकृत कार्यविधि र व्यवसायिक योजना बमोजिमका कार्यक्रम सञ्चालनको लागि आर्थिक वा प्राविधिक सहयोग उपलब्ध गराउने संस्था भन्ने सम्झनु पर्दछ ।

(झ) "कोष सञ्चालक" भन्नाले समूहको सञ्चालक समिति भन्ने सम्झनु पर्दछ ।

परिच्छेद -२
समूह र सञ्चालक समिति गठन बिधि

४. समूह गठन बिधिः (१) बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका **वडा नं. ......(गाउँ/टोल)** गाउँमा स्थायी बसोवास भएका एक घरका एक ब्यक्ति समूहको साधारण सदस्य हुनेछन् ।

(२) समूहको साधारण सदस्यको भेलाले सर्वसम्मत वा बहुमतको आधारमा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव, एक जना कोषाध्यक्ष र सात (७) जना सदस्य रहेको सञ्चालक समिति चयन गर्नुपर्नेछ ।

(३) सञ्चालक समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक (१) पदमा अनिवार्य सहित कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

परिच्छेद -३
सञ्चालक समितिको काम, कर्तब्य र अधिकार

५. सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः (१) सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्ना सदस्यहरूको आर्थिक अवस्था पहिचान गरी अनुसूची-१ को ढाँचामा सहभागितात्मक प्राथमिकतास्तरीकरण सूची तयार गर्ने, आवश्यक्ता अनुसार अद्यावधिक गर्ने ।

(ख) जीविकोपार्जन तथा आयआर्जनको लागि घुम्तीकोष स्थापना गरी परिचालन गर्ने ।

(ग) प्राथमिकतास्तरीकरण सूचीका आधारमा जीविकोपार्जन तथा आयआर्जनको लागि ऋण उपलब्ध गराउने वा नगराउने निर्णय गर्ने ।

(घ) अनिवार्य रूपमा मासिक बैठक बसी कोषसँग सम्बन्धित बिषयमा आवश्यक छलफल र निर्णय गर्ने ।

(ङ) ऋण लिएका सदस्यहरूबाट ऋणको किस्ता र ब्याज सङ्कलन गरी बिवरण अद्यावधिक गर्ने ।

(च) घुम्तीकोषको बार्षिक रूपमा लेखापरीक्षण गर्ने गराउने।

(छ) सञ्चालक समितिका पदाधिकारी एवं साधारण सदस्यहरूका लागि क्षमता बिकास तालिमको आयोजना गर्ने ।

(ज) सञ्चालक समितिलाई आवश्यक राय, सुझाव उपलब्ध गराउनका लागि सल्लाहकार समिति गठन गर्न सक्ने ।

(झ) ऋण परिचालनको लागि व्यावसायिक योजना स्वीकृत गरेर कार्यान्वयन गर्ने गराउने ।

(ञ) वार्षिक प्रगति र लेखा परिक्षण प्रतिवेदन नगरपालिका र सहयोगी संस्थामा पेश गर्ने ।

(ट) नयाँ आर्थिक बर्ष शुरू भएको ३ (तीन) महिनाभित्र आफ्नो समूह नगरपालिकाबाट नवीकरण गराउने ।

(ठ) नगरपालिका, निकुञ्ज कार्यालय, सहयोगी संस्थाबाट अनुगमन तथा मूल्याङ्कन गराउने ।

परिच्छेद -४
सञ्चालक समितिको बैठक र पदाधिकारीहरूको काम, कर्तब्य र अधिकार

६. सञ्चालक समितिको बैठक र पदाधिकारीहरूको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) सञ्चालक समितिको बैठक सामान्यतया महिनामा एक पटक अनिवार्य र आवश्यक्ता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ ।

(२) सञ्चालक समितिको बैठक बस्न गणपुरक संख्या ७५ प्रतिशत हुनुपर्नेछ र ५१ प्रतिशत बहुमतबाट गरेको निर्णय मान्य हुनेछ ।

(३) सञ्चालक समितिका पदाधिकारीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(अ) अध्यक्षः

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठकमा उठेका बिषयमा छलफल गराउने ।

(ग) निर्णय गर्नुपर्ने बिषयमा मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) आर्थिक कारोबार सञ्चालन गर्ने ।

(ङ) नगरपालिका, निकुञ्ज कार्यालय र अन्य सरोकारवाला निकायसंग समन्वय एवं सहकार्य गर्ने ।

(च) सञ्चालक समितिले तोकेका अन्य काम गर्ने ।

(आ) उपाध्यक्षः

(क) सञ्चालक समितिको बैठकमा उपस्थित हुने ।

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ग) कोष सञ्चालनको अवस्था अनुगमन गरी समूहमा आवद्ध भएका सदस्यलाई सहयोग गर्ने ।

(घ) सञ्चालक समितिले तोकेका अन्य काम गर्ने ।

(ई) सचिवः

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(ख) बैठकको माइन्युट लेखन गर्ने ।

(ग) समूहको कार्यालय सञ्चालन तथा सबै प्रशासनिक कार्य गर्ने ।

(घ) समूह र सञ्चालक समितिका माइन्युट लगायत प्रशासनिक कागजातको जिम्मा लिने र सुरक्षित साथ राख्ने ।

(ङ) समूहका जिन्सी सामान र चल अचल सम्पत्तिको आम्दानी बाँध्ने र सुरक्षा गर्ने ।

(च) सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने ।

(ई) कोषाध्यक्षः

(१) समूहको लेखा परिचालन तथा आम्दानी खर्चको हिसाब किताब राख्ने र कागजात जिम्मा लिइ सुरक्षित राख्ने।

(२) सञ्चालक समितिको निर्णय अनुसार सदस्यहरूलाई ऋण दिने र तोकिएको समयमा ब्याज तथा किस्ता सङ्कलन गर्ने ।

(३) वार्षिक रूपमा लेखापरीक्षण गराउने ।

(४) लेखा परीक्षण प्रतिवेदन नगरपालिका लगायत सम्बद्ध सरकारी निकाय र सहयोगी संस्थामा पठाउने ।

(५) सञ्चालक समितिले तोकेका अन्य कामहरू गर्ने ।

(उ) सदस्यः

(१) बैठकमा उपस्थित हुने ।

(२) छलफलमा भाग लिने ।

(३) निर्णय प्रक्रियामा सहभागी हुने ।

(४) ऋण लगानी र अशुलीमा सहजिकरण गर्ने ।

(५) सञ्चालक समितिले तोके बमोजिमको जिम्मेवारी बहन गर्ने ।

परिच्छेद -५

कोष सञ्चालन तथा ऋण प्रदान गर्ने प्रक्रिया

७ .कोष सञ्चालन तथा ऋण प्रदान गर्ने प्रकृयाः

(१) समूहका नाममा बैंकमा घुम्तीकोष खाता खोली जीविकोपार्जन र आयआर्जनका संघीय सरकार, प्रदेश सरकार, नगरपालिका, वडा कार्यालय लगायतका अन्य निकाय र गैर सरकारी संघ संस्था, समुहहरुबाट प्राप्त हुने रकम सोही खातामा जम्मा गरी आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

(२) घुम्तीकोष खोल्नको लागि न्यूनतम रू.१,००,०००।) एक लाख रकम खामा जम्मा गर्नुपर्नेछ ।

(३) समूहले बैठकको निर्णय संलग्न राखी नगरपालिकाको सिफारीसमा बैंक खाता खोल्न सकिनेछ ।

(४) समूहले प्रवाह गर्ने ऋण बापत आम्दानी हुने ब्याज रकम समेत सोही खातामा जम्मा हुनेछ । सो ब्याजबापत प्राप्त आम्दानीको ७५ पचहत्तर (प्रतिशत समूहको कोषमा जम्मा गर्ने र बाँकी रकम कार्यालय सञ्चालन , स्टेशनरी र प्रशासनिक कार्यमा खर्च गर्न सक्नेछ ।

(५) कोषमा निम्नानुसारको रकम जम्मा गर्न सकिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाबाट उपलब्ध गराइएको रकम ।

नगरपालिकाको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

(ख) निकुञ्ज वा उपभोक्ता समितिबाट उपलब्ध गराइएको रकम ।

(ग) सहयोगी संस्था वा निकायबाट उपलब्ध गराइएको रकम ।

(घ) सदस्यहरूले बचत गरेको रकम।

ऋण लिएका सदस्यहरूबाट प्राप्त ब्याज रकम ।

समूहले स्रोत जुटाएर आफ्नो कोष वृद्धि गर्दै जान सक्नेछ ।

८. खाता एवं आर्थिक कारोबार सञ्चालनः (१) समूहको खाता सञ्चालन एवं आर्थिक कारोबार अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतमा सञ्चालन गर्नुपर्नेछ ।

९. ऋण उपलब्ध गराउन सक्नेः (१) घुम्तीकोषबाट ऋण प्रवाह गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछः-

(क) जीविकोपार्जन तथा आयआर्जन सम्बन्धी काम गर्नका लागि ऋण लिन चाहने सदस्यले अनुसूची -२ को ढाँचामा दुई जना सदस्यको सिफारिस सहित सञ्चालक समितिमा निबेदन पेश गर्नुपर्नेछ ।समूहका साधारण सदस्य रहेका एक घरका एक जनाले मात्र ऋण लिन पाउनेछन् ।

(ख) पेश हुन आएको निबेदन उपर सञ्चालक समितिले आवश्यक छलफल गरी ऋण दिने वा नदिने निर्णय गर्नु पर्नेछ ।

(ग) ऋण मागपत्रमा निवेदक र सिफारिसकर्ताको सनाखत गराई सहभागितात्मक प्राथमिकता स्तरीकरण सूचीलाई आधार मानी प्राथमिकताका आधारमा आवश्यक जाँचबुझ गरी अनुसूची- ३ को ढाँचामा ऋण दिने वा नदिने निर्णय लेखन गर्नुपर्नेछ ।

(घ) ऋण उपलब्ध गराउँदा वार्षिक ६ प्रतिशत (६%) ब्याज दरमा हरेक तीन महिनामा किस्ता र ब्याज बापत बुझाउनुपर्ने रकम तोकेर शर्तनामा गराउनु पर्नेछ ।

(ङ) ऋण उपलब्ध गराउँदा निवेदनपत्रमा सिफारिस गर्ने दुइ जना सदस्यलाई साक्षी राखी अनुसूची-४ को ढाँचामा भरपाई गरी चेक मार्फत रकम उपलब्ध गराउनु पर्नेछ । ऋण लिने व्यक्तिले ऋण भुक्तान नगरेसम्म साक्षी बस्ने सदस्यले ऋण पाउन सक्ने छैनन् ।

(च) सामान्यतयाः प्राथमिकतास्तरीकरण सूचीका आधारमा सबै सदस्यले पालै पालो ऋण पाउनेछन् । तर एकपटक लिएको ऋणको साँबा ब्याज चुक्ता नगरी अर्को पटक ऋण उपलब्ध गराइने छैन ।

(छ) जुन कामको लागि ऋण लिएको हो सोही काममा प्रयोग गर्नुपर्नेछ ।अन्य काममा प्रयोग गरेको वा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

परिच्छेद -६
विविध

१०. सञ्चालक समितिको कार्यकाल र बरबुझारथ सम्बन्धी व्यवस्था (१) समूह दर्ता भएको मितिले छ (६) महिना भित्र साधारण सदस्यहरूको भेलाले सञ्चालक समिति चयन गरिसक्नु पर्नेछ । शुरूको छ (६) महिनासम्म तदर्थ सञ्चालक समितिले काम गर्न सक्नेछ ।

(१) कुनै पनि निर्णय गर्न साधारण सदस्यको ७५ प्रतिशत उपस्थिति र ५१ प्रतिशत बहुमत आवश्यक पर्नेछ ।पहिलो पटक ७५ प्रतिशत उपस्थिति हुन नसकेमा त्यसपछि ५१ प्रतिशत उपस्थिति मान्य हुनेछ ।

(२) सञ्चालक समितिका पदाधिकारीको कार्यकाल चार (४) बर्षको हुनेछ ।

(३) कुनै पनि कारणबाट सञ्चालक समितिको कुनै पद बीचमा खाली भएमा साधारण सदस्यको भेलाले पदपूर्ति गर्नसक्नेछ ।

(४) सञ्चालक समितिको कार्यकाल समाप्त भै वा बिघटन भै वा अन्य कारणबाट नया सञ्चालक समिति गठन भएको तीस (३०) दिन भित्र नयाँ सञ्चालक समितिले बिवरण नगरपालिकामा पेश गरी बिवरण अद्यावधिक गर्नुपर्नेछ ।

(५) उचित कारण सहित समूहमा आवद्ध साधारण सदस्यहरूको बहुमत संख्याले सञ्चालक समितिका पुरै वा कुनै पनि पदाधिकारीलाई पदमुक्त गर्न नगरपालिकामा निवेदन गर्न सक्नेछन् । नगरपालिकाले आवश्यक छानबिन गरी सदस्यहरूको सहभागितामा नयाँ सञ्चालक समिति गठन वा सञ्चालक समितिका कुनै पदाधिकारी परिवर्तन गर्न सक्नेछ ।

(६) कार्यअवधि समाप्त भएको वा पदमुक्त भएको सञ्चालक समिति वा पदाधिकारीले पन्द्र (१५) दिन भित्र आफ्नो जिम्मा रहेको नगदी, जिन्सी, कागजात लगायत सम्पूर्ण चिजवस्तु बरबुझारथ गर्नुपर्नेछ । बरबुझारथ नगरी कुनै हानी नोक्सानी हुन गएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. समूह बिघटनः (१) तोकिएको काम, कर्तब्य र अधिकार विपरित गतिबिधि र कार्य गरेका पाइएमा नगरपालिकाले समूह बिघटन गर्न सक्नेछ ।

(२) तर समूह बिघटन गर्नुपूर्व सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

१२. समूहको व्यवसायिक योजना हुनेः(१) समूहका सदस्यहरूको जीविकोपार्जन तथा आयआर्जनको लागि सहुलियत ब्याज दरमा ऋण परिचालन गर्न समूहमा आवद्ध भएका साधारण सदस्यहरूको आवश्यक्ताको आधारमा सहभागितामूलक व्यावसायिक योजना निर्माण गर्नुपर्नेछ ।

(२) व्यावसायिक योजनामा समूहका सदस्यहरूको छलफलबाट पहिचान भएका साना तथा हरित उद्यम तथा क्रियाकलाप सञ्चालन गर्ने बिषयका क्षेत्रहरू समावेश गरिनेछ ।यस्तो व्यावसायिक योजना सञ्चालक समितिले स्वीकृत गर्नसक्नेछ ।

(३) ऋण माग तथा परिचालन गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा निर्माण गरिएको व्यवसायिक योजनामा समावेश भएका क्रियाकलाप भित्र रही गर्नुपर्नेछ ।

१३. सेवा सुबिधा रोक्न सक्नेः समूहबाट लिएको ऋण, साँबा, ब्याज नतिर्ने वा समूहको रकम हिनामिना गर्ने ब्यक्तिको हकमा नगरपालिकाले अन्य सेवा सुबिधा समेत रोक्का गर्न सक्नेछ ।

१४. नगरपालिकाको हुनेः कुनै पनि कारणबाट समूह बिघटन भएमा समूहमा रहेको नगद, जिन्सी लगायत सम्पूर्ण सम्पत्ति नगरपालिकाको हुनेछ ।

१५. प्रचलित कानून बमोजिम हुनेः यो बिधानमा भएको व्यवस्था प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भै प्रचलित कानून बमोजिम हुनेछ ।

तदर्थ सञ्चालक समितिको विवरणः

क्र.सं.	**पद**	**नाम थर**	**ठेगाना / सम्पर्क नंबर**	**हस्ताक्षर**
१	अध्यक्ष			
२	उपाध्यक्ष			
३	सचिव			
४	कोषाध्यक्ष			
५	सदस्य			
६	सदस्य			
७	सदस्य			
८	सदस्य			
९	सदस्य			
१०	सदस्य			
११	सदस्य			

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८०

अनुसूची-१

(विधानको दफा ५ (क) सँग सम्बन्धित)

सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको ढाँचा

कुल पूर्णाङ्कः १००

(क) वन्यजन्तुको आक्रमणमा परी परिवारको सदस्यको मृत्यु भएको:१५
(ख) वन्यजन्तुको आक्रमणमा परी परिवारका सदस्यको अङ्गभङ्ग भएको:१०
(ग) बिगत ३ बर्ष यता वन्यजन्तुको आक्रमणमा परी उपचार खर्च पाएको:६
(घ) बिगत ३ बर्ष यता वन्यजन्तुबाट घर क्षति वा भण्डारण गरेको अन्न क्षेति भएको:५
(ङ) बिगत ३ बर्ष यता वन्यजन्तुबाट भैंसी, राँगा मारेको:५
(च) जंगलको किनारमा जग्गा जमिन भएको:६
(छ) जंगलको किनारमा घर भएको:६
(ज) बर्षभरी खान पुग्ने:२
(झ) ६ महिना सम्म खान पुग्नेः ६
(ञ) ६ महिना भन्दा कम खान पुग्नेः ८
(ट) ढलान वा जस्तापाताको घर भएकोः ५
(ठ) कच्ची घर भएकोः ६
(ड) परिवारका सदस्य CBAPU/RRT/ HMS (Hatti mero sathi) को सदस्य भएकोः ५
(ढ) सञ्चालक समितिले सदस्यको आर्थिक अवस्था हेरी समीतीको निर्णय बमोजिम :१५

सहभागितात्मक प्राथमिकता सूची स्तरिकरण

जिल्ला | पालिका | वडा नं. | गाउँको नाम | समुहको नाम

क.स.	घरमुलीको नाम र परिवार संख्या				शैक्षिक अवस्था					पेशा							स्तरिकरणको आधारमा प्राप्ताङ्क														ाथमिकता स्त	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	३३
	नाम थर	महिला	पुरुष	जम्मा	निरक्षर	साक्षर	१० कक्षा सम्म	१२ कक्षा सम्म	उच्च शिक्षा	कृषि, पशुपालन	मजदुरी	सरकारी नोकरी	गै.स./ निजी क्षेत्र नोकरी	वैदेशिक रोजगार	व्यापार	अन्य	क	ख	ग	घ	ङ	च	छ	ज	झ	ञ	ट	ठ	ड	ढ	कुल अंक	स्तर

ठाकुरबाबा नगरपालिकाको लागि मुक्तिकोष परिचालन कार्यविधि, २०८०

अनुसूची-२
(विधानको दफा ९ (क) सँग सम्बन्धित)

ऋण मागपत्रको ढाँचा

श्री अध्यक्षज्यू
वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्तीकोष **समूह ……… (गाउँ /टोल)**
ठाकुरबाबा नगरपालिका वडा नं…., बर्दिया

बिषयः ऋण पाउँ भन्ने बारे ।

महोदय,

उपरोक्त बिषयमा म वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्तीकोष समूह **..(गाउँ/टोल)** को सदस्य हुँ। मलाई निम्न व्यवसाय सञ्चालन गर्नको लागि ऋण आवश्यक परेको हुँदा वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्तीकोषबाट सहुलियत ऋण उपलब्ध गराइ पाउँ भनी यो निबेदन पेश गर्दछु ।

निवेदकः
नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
ऋणको प्रयोजनः
माग गरेको रकमः रू.
ऋणको अवधिः
हस्ताक्षरः
मितिः

निजलाई सहुलियत ऋण उपलब्ध गराएमा फरक पर्ने छैन । निजले लिएको ऋण साँवा ब्याज सहित भूक्तान नभएसम्म ऋण माग गर्ने छैन भनी सिफारिस गर्ने सदस्यहरूः
नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८०

अनुसूची-३

(विधानको दफा ९ (ग) सँग सम्बन्धित)

सञ्चालक समिति बैठक निर्णय र निर्णयको ढाँचा

आज मिति ..... का दिन वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्तीकोष समूह **......(गाउँ/टोल)** को सञ्चालक समितिको बैठक अध्यक्ष श्री .....को अध्यक्षतामा बस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम छः-

उपस्थितिः

अध्यक्ष श्री...

उपाध्यक्ष श्री

सचिव श्री

कोषाध्यक्ष श्री

सदस्य श्री ...

सदस्य श्री.....

ऋण मागपत्रको ब्यहोराः-

वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका सुधार समूह सदस्यता क्रम संख्या .... भएका श्री ..... ले .... कार्य गर्नको लागि ऋण माग गरेको हुँदा निजको निबेदन सम्बन्धमा जाँच बुझ गर्दा देहाय बमोजिम अवस्था रहेको पाइयोः-

१. निवेदनमा उल्लेख भए अनुसार जीविकोपार्जन गर्ने निजको सकृयता सम्बन्धमाः

२. निजले ऋण सदुपयोग गरी आय आर्जन गर्ने बिश्वसनियता सम्बन्धमाः

३. निजले गर्न चाहेको कामको जोखिम र प्राप्त हुने उपलब्धी सम्बन्धमाः

४. निजका घरपरिवारको राय सुझाव र प्रतिकृया सम्बन्धमाः

निर्णयको व्यहोराः

१. निजलाई ऋण उपलब्ध गराउन मनासिब छ छैन भन्ने सम्बन्धमाः

२. ऋण उपलब्ध गराउने भए कति ऋण उपलब्ध गराउने भन्ने सम्बन्धमाः

३. ऋणको अवधि सम्बन्धमाः

ऋण समितिका पदाधिकारीहरूको हस्ताक्षर र मितिः

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

अनुसूची-४

(विधानको दफा ९ (ङ) सँग सम्बन्धित)

ऋण बुझेको भरपाईको ढाँचा

भरपाई दादैं जिल्ला **ठाकुरबाबा नगरपालिका वडा नं. ..... (गाउँ/टोल)** बस्ने वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार समूहको सदस्यता क्रमसंख्या ..... भएको म ... आगे मैले ....प्रयोजनका लागि समूहबाट ...... बैंक ..... शाखाको चेक नं.......बाट रू.......... बुझिलिएँ ।सो ऋण रकम मैले तोकेको काममा खर्च गरी तोकेको समयमा साँवा ब्याज बुझाउनेछु ।

हस्ताक्षरः दायाँ बायाँ

मितिः

साक्षी

हामीले सिफारिस गरे बमोजिम श्री....ले ऋण बापत रू.............को चेक बुझेको सत्य हो । निजले उक्त ऋणको साँबा, ब्याज सहित भूक्तानी नगरसम्म ऋण माग गर्ने छैनौ भनी सही छाप गरिदियौं ।

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

अनुसूची-५

(विधानको दफा १२ (३) सँग सम्बन्धित)

व्यवसायिक योजनाको ढाँचा

व्यवसायको नामः

व्यवसायका उद्देश्यहरूः

आवश्यक मेसिन, उपकरणः

जनशक्तिः

बजार क्षेत्रः

अनुमानित आवश्यक पूँजीः

१) व्यक्तिको लगानीः
२) माग लगानी रकमः

अनुमानित नाफा रकमः

विविधः

ठाकुरबाबा नगरपालिकाको जिविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८०

आज्ञाले

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत